ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनु साथै छपाई सम्वन्धि सम्पूर्ण कार्य गरिन्छ ।
एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक

# धनगढी पोष्ट

www.dhangadhipostnews.com

यो ठाउँ विज्ञापनको लागि खाली छ ।

सेती अस्पतालालाई दुई सय बेडमा संचालन गर्छौं : जोशी २
डिजि पे र नेपाल टप बिच सहकार्य गर्ने सम्झौता ३
सामुदायिक विद्यालयलाई प्राथमिकतामा राख्न आग्रह ४

वर्ष २१ अंक १६२ वि.सं. २०७९ माघ ११ गते बुधबार (Jan. 25 Wednesday 2023) मुल्य रु. ४/- पेज -४

# भूकम्पबाट सुदूरपश्चिममा एकको मृत्यु

- बाजुरा केन्द्रविन्दु बनाएर ५ दशमलव ९ मेग्निच्युटको भुकम्प
- ३५ भेडा बाख्रा मरे, बझाङ र बाजुराका सयौं घरमा क्षति



बझाङ्गको जयपृथ्वी न.पा.मा भूकम्पले भत्किएको घर

**पोष्ट संवाददाता**

धनगढी । मंगलबार दिउसो बाजुराको हिमाली गाउँपालिका केन्द्र विन्दु बनाएर गएको भुकम्पका कारण बाजुरामा एक जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय बाजुराका अनुसार बाजुराको गौमुल गाउपालिका- २ की जमुना रोकायाको मृत्यु भएको हो । भुकम्पका कारण माथीबाट खसेको ढुंगालागी उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रमुख, प्रहरी नायव उपरिक्षक सुर्यबहादुर थापाले बताए ।

उनका अनुसार गौमुल गाउँपालिका-१ मा भेडा चराउन गएका ३५ बर्षिय राजदल बोहरा पनि माथीबाट खसेको ढुंगा लागेर घाइते भएका छन् । उनका ३५ भेडा, बाख्रा मरेको सूचना अएको प्रहरी प्रमुख थापाले बताए ।

प्रहरी नायव उपरिक्षक थापाका अनुसार हाल सम्म बाजुरामा भुकम्पका कारण ३० घरमा क्षेति भएको विवरण प्राप्त भएको छ । जस्मा केही घर पुर्ण रुपमा क्षेति भएका र केही घरमा आंसिक क्षेति भएको विवरण आएपनि भएपनि पुर्ण विवरण नआइसकेको उनले बताए ।

बाजुरामा भएको भुकम्पको क्षेतिको विवरण संकलनका लागि जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी निरिक्षक किशोर ऐरीको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र पहरी सहितको टोली परिचालन गरिएको छ ।

राष्ट्रिय भुकम्प मापन केन्द्रका अनुसार बाजुराको हिमाली गाउँपालिका स्थित मेला क्षेत्रलाई केन्द्र विन्दु बनाएर भुकम्प गएको हो ।

जिल्ला प्रही कार्यालय बझाङका अनुसार बझाङको जय पृथ्वी नगरपालिकामा एक जनाको हात भाचिएको छ । भुकम्प आएपछि घरबाहिर निस्किनखोज्दा जयपृथ्वी नगरपालिका-११ का ५२ बर्षिय हरिकृष्ण जोशीको हातमा चोट लागेको जिल्ला प्रहरी कार्यालय बझाङका प्रहरी निरिक्षक रमेश अवस्थीले बताए ।

भुकम्पका कारण बझाङमा मंगलबार वेलुका सम्म ३३ घरमा क्षेति भएको विवरण प्राप्त भएको उनले बताए । सुरक्षाकर्मीका भवन, स्वास्थ्य चौकी, विद्यालय भवन, तथा निजी घरमा आंशिक क्षेति भएको विवरण आएको प्रहरी निरिक्षक अवस्थीले बताए ।

उनका अनुसार बझाङको उत्तर, पुर्वि क्षत्रमा पर्ने पालिकाहरु जयपृथ्वी नगरपालिका, मष्टा गाउँपालिका, सुर्मा गाउँपालिका, खप्तड छान्ना गाउँपालिका र थलारा गाउँपालिकामा भुकम्पले क्षेति गरेको छ । सोमबार राति देखि आएको बर्षा र हिमपातका कारण टेलिफोन टारवमा भएको समस्याका कारण केही स्थानमा भने टेलिफोन सेवा अवरुद्ध बनेको र त्यसले सूचना संकलनमा समस्या भइरहेको उनले बताए ।

## भूकम्पका कारण तीन महिनामा ७ जनाको मृत्यु

सुदूरपश्चिममा भुकम्पका कारण तीन महिनाको अवधिमा ७ जनााके मृत्यु भएको छ ।

कात्तिक २३ गते डोटीको खप्तड राष्ट्रिय निकुञ्ज केन्द्रविन्दु बनाएर गएको ६ दहमलव ६ म्याग्निच्युटको भुकम्पका कारण डोटीका ६ जनाको मृत्यु भएको थियो, भने मंगलबार गएको भुकम्पमा परी बाजुरामा एक जनाको गरी तीन महिनामा ७ जनाको मृत्यु भएको हो ।

कात्तिक २३ गते मध्यान्न २ बजेर १२ मिनेटमा गएको भुकम्पका कारण डोटी र अछामका दर्जनौं घर क्षेतिग्रस्त बनेका थिए ।

सो समयमा भुकम्पमा परी डोटीको पूर्वीचौकी गाउँपालिका-३ गैरागाउँमा घर भत्किदा च्यापिएर ६ जनाको मृत्यु भएको थियो । भुकम्पमा परी ७ जना घाइते भएका थिए ।

मृत्यु हुनेमा ४ जना बालबालिका रहेका थिए । कात्तिक २५ गते गएको भुकम्पमा परी पुर्विचौकि गाउँपालिकाका ५० वर्षीय प्रेम बोहरा र उनकी छोरी १४ वर्षीया तुल्सी बोहरा, त्यसै गरी ४० वर्षीया भगवती बोहरा, उनका छोरा ८ वर्षीय हर्क बोहरा र १३ वर्षीया छोरी सीता बोहरा र १४ वर्षीया धनसरी बोहरा रहेका थिए । कात्तिक यता सुदूरपश्चिममा सयौं साना ठुला भुकम्पका पराकम्पन समेत गएका छन् । सुदूरपश्चिमका पहाडी जिल्लामा भुकम्पका पराकम्पनका कारण पनि केही घरमा क्षति भएको थियो ।

# राष्ट्रिय बाणिज्य बैंकको ५८औं बार्षिकोत्सव

## नविनतम प्रबिधि प्रयोग आजको आवश्यकता : लेखक



**पोष्ट संवाददाता**

धनगढी । राष्ट्रिय वाणिज्य बैंकको ५८औं बार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ । विबिध कार्यक्रम गर्दै एक साता सम्म मनाइएको बार्षिकोत्सव कार्याक्रम मंगलबार औपचारिक कार्यक्रम आयोजना गर्दै समापन गरिएको हो ।

समापन कार्यक्रममा बोल्दै नेपाल राष्ट्र बैंक धनगढीका निर्देशक विनोद लेखकले नविनताम प्रबिधिको प्रयोग गरी सेवा सञ्चालन गरिनु अहिलेको आवश्यकता भएको बताए ।

'राष्ट्रिय बारणिज्य बैंकले पहिलाको तुलनामा प्रबिधिको उल्लेख्य प्रयोग गरिरहेको छ,' निर्देशक लेखकले भने, 'आगामी दिनमा अझै प्रबिधि मैत्री भएर सेवा सञ्चालन गर्न सके ग्राहकलाई सहज हुने छ ।'

राष्ट्रिय बाणिज्य बैंक प्रति सामान्य नागरिक देखि सरकारी कार्यालयको समेत विश्वास रहेको र त्यो विश्वासलाई कायमै राख्न उनले आग्रह गरे । 'नेपाल राष्ट्र बैंक, कोष तथा लेखा नियन्त्रण कार्यालय जस्ता वित्तिय निग्रानी राख्ने निकायले पनि बाणिज्य बैंकको रिपोर्टलाई आधार मानेर काम गर्नुपर्ने अवस्था रहेको छ,' लेखकले भने, 'त्यसलै बैंकले पारदर्शि र विश्वसनिय कारोवार गर्दै आफ्नो प्रभुत्व कायम गर्न सकोस् भन्ने कामना छ ।'

कैलाली उद्योग बाणिज्य संघका उपाध्यक्ष पुष्कर ओझाले आर्थिक मन्दीका कारण समस्या भइरहेका वेला बैंकले बढाएको ब्याजदरका कारण व्यवसायी समस्यामा परेका भन्दै त्यसबारेमा बैंकहरुले सोच्नुपर्ने बताए । उनले राष्ट्र बैंकको मौद्रीक नीतिका कारण व्यवसायी संकटमा परेका भन्दै राष्ट्र बैंकले जारी गरेको पछिल्लो बैंकिङ नीति परिमार्जन गरिनुपर्नेमा जोड दिए ।

सुदूरपश्चिम प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय धनगढीका प्रमुख वासुदेव जोशीले राष्ट्रिय बााणिज्य बैंक सवैको भरोसा बाकेको बैंक भएको बताउँदै यसलाई कायमै राख्ने गरी आगामी दिनमा पनि काम गर्न आग्रह गरे । 'राष्ट्रिय बाणिजय बैंक नीजि क्षेत्र र सरकारी निकाएको भरोषा बोकेको बैंक हो,' जोशीले भने, यो भरोषालाई टुट्न नदिने गरी कर्मचारीलाई जिम्मेवार भएर काम गर्न आग्रह गर्दछु ।' उनले बैंकिङ क्षेत्रमा त्रिभिएका नविनतम प्रविधिको प्रयोग बढाउन सुझाव दिए ।

कार्यक्रममा नेपाल पत्रकार महाँसंक कैलालीका अध्यक्ष हिमालय जोशी, बैंकर्ष एशोशियसनका अध्यक्ष मुकुन्द भट्ट लगायतले शुभकामना मन्तव्य व्यत्त गरेका थिए ।

राष्ट्रिय बाणिज्य बैंकले बार्षिकोत्सव कार्यक्रमका अवसरमा आयोजना गरेको आन्तरिक खेल प्रतियोगितामा प्रथम, द्धितीय, तृतीय र स्थान हाशील गर्ने खेलाडीलाई पुरस्कार वितरण गरेको थियो ।

२०२२ साल माघ १० गते स्थापना भएको बाणिज्य बैंक अन्तरगत सुदूरपश्चिममा २२ वटा शाखा रहेका छन्, भने १७ स्थानमा एटिएम सेवा रहेको बैंकका प्रदेश निमित्त प्रमुख भोजराज भट्टले बताए । उनका अनुसार प्रदेशमा थप तीन वटा शाखा कार्यालय सञ्चालनका लागि तयारी भइरहेको छ । निमित्त प्रमुख भट्टको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो ।

# खाद्य प्रबिधिको दोश्रो त्रैमासिक विवरण सार्वजनिक

**पोष्ट संवाददाता**

धनगढी । खाद्य प्रबिधी तथा गुण नियन्त्रण कार्यालय धनगढीले आर्थिक बर्ष २०७९/८० को दोस्रो त्रैमासिक तथा अर्धवार्षिक प्रगती बिवरण सार्वजनिक गरेको छ । कार्यालयले दोस्रो त्रैमासिक तथा अर्धवार्षिक प्रगती समिक्षा कार्यक्रममा १२ वटा प्रतिकुल नमुना उपर मुद्धा दायर भएको जानकारी दिएको हो ।

अनुसन्धान प्रक्रिया पुरा भएका खाद्य तथा दाना ऐन अनुरुप खाद्य निरिक्षकबाट जिल्ला प्रसाशन कार्यालय कैलाली र कञ्चनपुरमा गरि ११ र जिल्ला अदालत कैलालीमा १ गरि १२ वटा प्रतिकुल नमुना उपर मुद्धा दायर भएको खाद्य प्रबिधी तथा गुण नियन्त्रण कार्यालय धनगढीका सुचना अधिकारी हरि सिंह बोहराले बताए ।

उनले खाद्य तथा दाना ऐन अनुरुप संकलित नमुनाहरु मध्ये प्रतिकुल पाइएका नमुना र गत आर्थिक बर्ष देखी लगत सरि आएका जम्मा १९ नमुनाका सम्बन्धित उद्योग ब्यवसायीसंग बयान लिने कार्य भैरहेको बताएका छन् ।



यस्तै सरकारी वकिलबाट राय निकासा लिने कार्य अघि बढेको उनको भनाई छायस्तै खाद्य तथा दाना नमुना ऐन अनुरुप क्रममा निरिक्षकबाट उद्योग बजार ब्यवसाय तथा होटल रेष्टुरेन्ट अनुगमनका क्रममा ५६ वटा नमुना संकलन भइ कार्वाही प्रक्रया अघि बढेको छ ।

यस्तै खाद्य प्रबिधी तथा गुण नियन्त्रण कार्यालय धनगढी र डिभिजन कार्यालयहरुबाट खाद्य ऐन अनुरुप १ सय २५ नमुना संकलित छन् । यस अर्धवार्षिक अवधिसम्ममा खाद्य बजार अनुगमन ४२ पटक भएको छ । यसैगरी डिभिजन कार्यालय डडेल्धुराबाट २ डोटी २७ र बैतडीबाट २१ पटक खाद्य बजार अनुगमन भएको र डडेल्धुराबाट ७ डोटी १९ र बैतडीबाट ११ पटक होटल रेष्टुरेन्टको अनुगमन गरिएको खाद्य प्रबिधी तथा गुण नियन्त्रण कार्यालय धनगढीका सुचना अधिकारी हरि सिंह बोहराले बताए ।

यस्तै प्रयोगशालामा प्राप्त नमुनाहरुको बिश्लेषण दस्तुर तथा अनुज्ञापत्र जारी नविकरण र सिफारिस दस्तुर बाफत चालु आर्थिक बर्षको त्रैमासिक अवधीमा २ लाख ८६ हजार ९ सय राजस्व संकलन र यस्तै अर्ध बार्षीकसम्ममा ९ लाख ६५ हजार ४ सय ३० राजस्व संकलन गरेको जनाइएको छ ।

यस अवधिमा कार्यालयले चालु र पुँजीतग गरी जम्मा ६१ प्रतिशत हाँसिल गरेको छ । डडेल्धुराले ३९ प्रतिशत, डोटीले शत प्रतिशत र बैतडीले ८४ प्रतिशत बित्तय प्रगती हाँसिल गरेको जनाइउको छ । यस्तै कार्यक्रममा बौल्दै नेपाल पत्रकार महासँध कैलालीका अध्यक्ष हिमाल जोशीले खाद्य स्वच्छता सम्बन्धि बिभिन्न गतिबिधी अघि बढाउँदै लगेकोमा खुसी लागेको बताए । बजारमा कुनै पनी अखाद्य बस्तु भेटिएमा तुरुन्त खाद्य संग सम्बन्धित निकाय वा सरोकारबाला निकायलाई खवरदारी गर्न र पत्रकार महासंघबाट हुने सहयोग पुर्ण रहने उनले बताए ।

# भुकम्पका कारण घर भत्किदा हिउँमा वास

**पोष्ट संवाददाता**

धनगढी । मंगलबार गएको भुकम्पका कारण घर भत्किदा बाजुराको हिमाली भेगका नागरिकलाई हिउँमा रात विताउनु पर्ने बाध्यता भएको छ ।

'कठ्याग्रीदो जाडोमा रातभरी बाहिर बस्नुपर्ने बाध्यता भएको छ,' हिमाली गाउँपालिका-१ का भरत धामीले भने, 'धेरै घर चर्केका छन्, भित्र जान पनि सकिएको छैन, बाहिरै बस्दा चिसोले मरिने डर छ ।' चिसोका कारण बालबालिका र जेष्ठ नागरिकलाई धेरै समस्या भइरहेको उनले बताए । 'बाहिर ओत लाग्ने कतै ठाउँ छैन,' उनले भने, 'चर्केको घरमा बस्न कसैले आँट पनि गरेका छैनन्, यसले कम्जोर स्वास्थ्य भएका नागरिकलाई धरै समस्या भएको छ ।'

मंगलबार दिउँसो २ बजेर ४३ मिनेटमा बाजुराको हिमाली गाउँपालिकाको बिच्छ्या आसपास केन्द्रबिन्दु बनाएर गएको भुकम्पका कारण हिमाली गाउँपालिकाका स्थानिय घर बाहिर हिउँमा कठ्याग्रिदै बसेका छन ।

फेरी पनी भुकम्प जाने होकी भन्ने डरले त्यहाका स्थानिय घर भित्र बस्न नसकेको स्थानियले बताएका छन । सो क्षेत्रमा बाक्लो हिमपात भएका कारण जनजिवन कष्टकर बनेको छ । घरभित्र बस्दा भुकम्पको डर हुने र बाहिर कठ्याग्रिदो हिमपातले गर्दा समस्या भएको स्थानियले बताएका छन । सो क्षेत्रमा अहिले पनि हिमपात भइरहेको स्थानियले **(बाँकी ३ पेजमा)**

अन्तर्वार्ता

# सेती अस्पतालाई दुई सय बेडमा संचालन गर्छौं : जोशी



**डा. जगदिश जोशी**
निर्देशक
स्वास्थ्य निर्देशनालय
सुदूरपश्चिम प्रदेश

**कोभिड फेरि आउन लाग्यो भन्ने छ। प्रदेशमा कोभिडको पुर्व तयारी कस्तो छ ?**

- अहिले चीन, भारत लगायतका देशमा कोभिडका केसहरु देखा परिरहेका छन्। अहिले नेपालमा यसको समस्या बढी छैन । तर पनि हामीले सतर्कता अपनाएका छौं । भारतको दिल्लीमा कोभिड बढी देखिन थाल्यो भने नेपालमा कुनै पनि बेला त्यसको महामारी देखिन सक्छ भनेर हामी तयारी अवस्थामा बसेका छौं । भारतबाट प्रवेश गर्ने सबै नाकामा कोभिडको एन्टिजेन परिक्षण गरिरहेका छौं । अहिले कैलाली टीकापुरको खक्रौला नाका, बैतडी र दाचुलाको नाकामा पनि परिक्षण शुरु गरेका छौं । केही दिनको परिक्षणमा कहिलेकाही पोजिटिभ देखा परिरहेको छ। बैतडीको झुलाघाटमा अलि बढी देखा परेको छ । अस्पतालहरुमा पनि कोभिडको पीसीआर परिक्षणमा पोजिटि भएका केसहरु एकदमै न्युन छन्।

भारतबाट आउने व्यक्तिहरुलाई कोभिड लगायत मलेरियाको परिक्षण गर्नुका लागि जनशक्ति पठाएका छौं। जिल्लामा रहेका स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालहरु पनि अलर्ट अवस्थामा छन्। बिगतको कोभिडको अनुभवबाट प्रदेशमा पुर्वाधार पनि छन् । औषधी, अक्सिजनको पनि उपलब्धता छ।

**प्रदेशको स्वास्थ्य सेवामा सुधार गर्ने प्राथमिकता के छन् ?**

- स्वास्थ्य ठुलो समस्या हो। स्वास्थ्यका कतिपय कुराहरु स्वास्थ्यका निकायले मात्र सम्वोधन गरेर पनि हुदैन। जस्तो : पोषणको कुरा। पोषण हुन नदिन स्वास्थ्य भन्दा बढी गैर स्वास्थ्यको भुमिका बढी हुन्छ । किनकि त्यहा डाइटको कुरा, खाद्यको कुरा, शिक्षाको कुरा, पारिवारिक स्याहारको कुरा हुन्छ। यद्यपि स्वास्थ्य हेर्ने निकाय भैसकेपछि स्वास्थ्य अवस्था सुधारमा नै काम गरिरहेका छौं। म स्वास्थ्य निर्देशनालयमा आएको एक बर्ष हुन लाग्यो । स्वास्थ्यमा केही नयाँ काम गर्नु पर्छ भनेर यस अवधिमा मैले केही कार्यक्रम ल्याएको छुँ। हामी पहुँच नभएका व्यक्ति र ठाउँहरुको पहिचान गरेर बहु बिशेषज्ञ शिविर नौ वटै जिल्लामा लैजादैछौं। यसका लागि कुन जिल्लाको कुन ठाउँमा कस्ता खालका बिरामीहरुलाई बिशेषज्ञ सेवा चाहिएको छ, ती ठाउँ पहिचान गरेर शिविर संचालन गर्ने अन्तिम चरणमा छौं । यसै माघ महिनाबाट महिनामा दुई तीन जिल्लामा शिविर संचालन गर्छौं।

> पहिले स्वास्थ्यमा चेन थियो, काम गर्न पनि सजिलो थियो। अहिले त्यो 'चेन' टुटेको छ।

अर्को, हामी स्वास्थ्य क्षेत्रमा लगानी त गरिरहेका छौं। तर लगानीको प्रतिफल नदेखिएको अवस्था छ । किनकि हाम्रो तथ्याङक आउने जुन क्रम छ, त्यसमा पनि कमजोरी छ। त्यसैले अस्पतालहरुमा तथ्याङक इलेक्ट्रोनिक प्रणालीमा राख्ने काम शुरु गर्दैछौं। भारतमा शुरु भएको डिजिटल इण्डिया झै नेपालमा पनि इ हेल्थ सिस्टम गर्न सक्यो भने राम्रो हुन्छ भन्ने हिसाबले सुदुरपश्चिममा रहेका सरकारी अस्पतालहरुबाट इलेक्ट्रोनिक सिस्टम जडान गरेर डेटा राख्ने काम शुरु गर्दैछौ। यसो गर्दा म मेरो अफिसमा नै बसेर बाजुरा अस्पतालमा आज कति बिरामी आए, कति बिरामीले एक्सरे गरे, कति बिरामीले भिडियो एक्सरे गरे भनेर हेर्न सक्छु । यसका लागि डाटा सेन्टर बनाउने काम भैरहेको छ । अहिलेसम्म बैतडी, दार्चुला र टीकापुरमा भयो, बाजुरामा टीम गएको छ। यसले सुचना प्रणालीमा सहजता ल्याउँछ।

बिगत दुई तीन बर्ष त हामी कोभिडमा नै अल्झियौं, किनकि त्यो महामारी थियो। यो महामारीले केही राम्रा कुराहरु पनि ल्याएको छ। हाम्रो प्रदेशका जिल्लामा रहेका अस्पतालहरुमा कुनै न कुनै बिशेषज्ञ चिकित्सक पुरयाएका छौं। बिशेषज्ञ चिकित्सक पुरयाउन नसकेका ठाउँमा तालिम दिएर, भएको जनशक्तिलाई दक्ष बनाएर सेवा पुरयाएका छौं। यसका लागि यस बर्ष समेत तालिमको कार्यक्रम छ। नर्सिङ स्टाफलाई आइसीयुको तालिम दिएका छौं। डाक्टरलाई भिडियो एक्सरेको तालिम दिने कार्यक्रम यस बर्ष रहेको छ । मातृ मृत्यु दर घटाउने, नवजात शिशु मृत्यु दर घटाउने योजना पनि छ। यसबाहेक सर्ने रोगहरु, मलेरिया, टीबी, एचआइभी, नसर्ने रोगहरु प्रेर, सुगर, दम सम्वन्धी नियमित कार्यक्रमहरु, खोप कार्यक्रमहरु पनि चलिरहेका छन्। कतिपय स्वास्थ्य कार्यालय मार्फत र कतिपय हामी मार्फत नै चलिरहेका छन्।

**प्रदेशका अस्पताल स्तरोन्नति कार्यक्रमको कार्यान्वयन कस्तो छ ?**

- न्युनतम सेवा मापदण्ड हुन्छ, त्यो मापदण्ड कुन अस्पतालले कहा पुरयाए भनेर बर्षको दुई पटक सबै अस्पतालमा गएर अनुगमन गर्छौं। त्यो अस्पताल कुन लेबलको हो, न्युनतम सेवा पुरयाउनका लागि अब कति महेनन गर्नु पर्नेछ भन्ने यस अनुगमनले पहिचान गर्छ। अनुगमनमा भेटिएको तथ्य सम्वन्धित अस्पतालको मेसु र व्यवस्थापन समितिलाई दिन्छौं । सेवा सुधार गर्नका लागि सल्लाह दिन्छौं । हालसम्म गरिएका अनुगमनमा बैतडी अस्पताल राम्रो देखिएको छ।

सेती प्रादेशिक अस्पतालालई २ शय बेडमा स्तरोन्नति गर्ने, महाकाली अस्पताल र टीकापुर अस्पतालालई शय बेडमा स्तरोन्नति गर्ने, प्रत्येक जिल्लामा रहेका जिल्ला अस्पतालहरुलाई पचास बेड क्षमताको अस्पताल बनाउने निर्णय भैसकेको छ। यसका लागि अस्पतालहरुको संगठन संरचना (ओएनएम) तयार हुने अन्तिम चरणमा छ । त्यो भैसकेपछि स्वास्थ्य सेवा प्रदान गर्नका लागि धेरै राहत हुनेछ । किनकि आज भन्दा ३० बर्ष अघिको संगठन संरचनाका हिसाबले अहिले काम काम गर्नु परिरहेको छ । सेती अस्पतालको ५० बेडको संरचनामा मात्र जनशक्ति सरकारी तवरबाट आइरहेको छ। अब २ शय बेडको भएपछि अहिलेको भन्दा चार गुणा बढी त डाक्टर नै हुन्छन्। अनि केही न केही राहत हुन्छ। जिल्ला अस्पतालहरुमा पनि सेवा सुदृढ हुन्छ। खाली घोषणा मात्र होइन कि संगठन संरचना भैसकेपछि देखिने काम हुन्छ।

**स्तरोन्नति गरेपछि बढ्ने जनशक्तिको व्यवस्थापन कसरी हुन्छ ?**

- एकदमै राम्रो कुरा गर्नु भयो । जनशक्तिको अभाव भनेको एकदमै गाह्रो कुरा हो, चिकित्सकको। मेडिकल अफिसर र त्यो भन्दा माथिका जनशक्ति हाम्रो प्रदेशमा एकदमै कम छन्। त्यो बाहेकका जनशक्ति पनि केही कमै छन् । किनकि ती जनशक्ति उत्पादन गर्ने उचयमगअतष्यल जयगकभ हाम्रो प्रदेशमा छैन अर्थात सुदुरपश्चिममा मेडिकल कलेज अहिलेसम्म छैन। हिजोका दिनमा नर्सिङका केही कलेज थिए, जनशक्ति उत्पादन भैरहेको थियो। अब भने एक दुई अस्पताल नर्सिङका कार्यक्रम ल्याइरहेका छन् भन्ने आएको छ । तर पनि लोकसेवाले डाक्टरको बिज्ञापन खोल्यो भने हाम्रो प्रदेशमा नभए पनि अन्य प्रदेशबाट पनि डाक्टरहरु आउँछन् स्थायी जागिरको लागि । जस्तो : हिजोका दिनमा हामी पनि त्यसरी नै गएका हौं। पुर्वको कुन ठाउमा खटाउने हो, थाहा हुन्नथ्यो। तर हामी लोकसेवा मार्फत सरकारी सेवामा प्रवेश गरयौं । स्थायी पदको बिज्ञापन खोलेमा नआउने हुदैन, आउँछन्। पुर्ति हुन्छ भन्ने मलाई बिश्वास छ। लोकसेवाको बाटो खुल्नुपर्छ।

> सेती अस्पतालको ५० बेडको संरचनामा मात्र जनशक्ति सरकारी तवरबाट आइरहेको छ। अब २ सय बेडको भएपछि अहिलेको भन्दा चार गुणा बढी त डाक्टर नै हुन्छन्। अनि केही न केही राहत हुन्छ।

**संघीयतामा प्रदेश पालिका र संघको बीचमा छ । यस्तो बेलामा संघ र पालिकासँगको समन्वय कस्तो छ ?**

- संघीयता आइसकेपछि समन्वयको पाटो धेरै गाह्रो छ। पहिले 'भर्टिलक कमाण्ड सिस्टम' थियो। हरेक कुरा च्यानलवाइज थिए। कसलाई कसले के काम लगाउने, कसले कसको कुरा सुन्ने भन्ने स्पष्ट थियो। त्यतिखेर स्वास्थ्यमा वास्तबिक संघीयता थियो । स्वास्थ्य मन्त्रालयबाट क्षेत्रीय स्वास्थ्य निर्देशनाय हुदै जिल्ला, समुदायस्तरसम्म 'चेन' थियो। त्यसैले काम गर्न पनि सजिलो थियो। अहिले त्यो 'चेन' टुटेको छ। अहिले तीन तहका सरकार भए, तीन तहका सरकारका बीच समन्वय नै नभएको होइन, तर जुन हिसाबको हुनु पर्ने हो, त्यो कमी छ। त्यसैले एउटै काम गर्नको लागि पनि थुप्रै ठाउहरु घुमेर आउनु पर्ने हुन्छ। यसले एकदम अप्ठेरो भएको छ। एउटा उदाहरण भन्छु। स्वास्थ्य सेवा बिभागबाट अहिले कुनै पत्र प्रदेशको स्वास्थ्य निर्देशनालयमा आउनु परयो भने स्वास्थ्य बिभागको पत्र स्वास्थ्य मन्त्रालय, स्वास्थ्य मन्त्रालयबाट संघीय मामिला मन्त्रालयमा, संघीय मामिला मन्त्रालयबाट मुख्यमन्त्री कार्यालय, मुख्यमन्त्री कार्यालयबाट सामाजिक बिकास मन्त्रालय र सामाजिक बिकास मन्त्रालयबाट स्वास्थ्य निर्देशालय जान हुन्छ। यसरी हुदै जादा एउटै पत्र कति घुम्छ ? तर पनि काम भएका छन्। तर समन्वयको ठुलो खडेरी छ। अब जुन संघीय निजामति ऐन आउछ, त्यसमा प्रदेश र स्थानीयको बीचमा केही न केही लिंकेज गराएन भने मलाई लाग्छ, कुनै न कुनै ठुलो समस्या आउँछ। यस्तै अवस्था रहेमा स्वास्थ्य क्षेत्रमा प्रगति हुन गाह्रो छ । स्वास्थ्य सुचकांकहरु बढाउन सक्दैनौं जस्तो लाग्छ। संघसँग प्रदेशको कुनै न कुनै रुपमा कनेक्टिभिटी छ जस्तो लाग्छ। तर पालिकाहरुसँग भनाईमा मात्र भएर भएन, व्यवहारमा नै कनेक्टिभिटी हुनु पर्छ।

**कनेक्टिभिटीको कानुनी जटिलता त छ। त्यसलाई कम गर्न व्यवहारिक अभ्यास कत्तिको अपनाइएको छ ?**

-हामीले कनेक्टिभिटी बढाउन हाम्रो तर्फबाट सुझाव दिएका छौ। अहिलेसम्म संघीय निजामति ऐन नै बनेको छैन। त्यस ऐनमा यस्ता कुराहरु आइदिए भने भोलिका दिनमा कार्यान्वियन गर्दा अटोनोमिक चेन अफ कमाण्ड हुन्छ र समन्वयको पाटो पनि बढ्छ।

**प्रदेश सरकाका स्वास्थ्य प्राथमिकता निर्धारण भएका छन् ?**

-पाँच बर्षमा प्रदेशको स्वास्थ्य निती बनेको छ। नितीले धेरै कुरा सम्वोधन गरेको छ । तर स्वास्थ्य नियमावली बन्न सकेको छैन । तपाईले भने जस्तो रणनैतिक रुपमा बिभिन्न कार्यक्रमगत रुपमा कतिपय कुरा हामीले बनाएका छौं । तर नितीलाई टेकेर दिर्घकालीन, अल्पकालीन र तत्कालीन योजनाहरु बनेका छैनन्। जुन बन्न भने आवश्यक छन्।

**बनाउदै नबनाएको हो कि बनाउन खोज्दा अलमलिएर ढिला भएको हो ?**

-बनेर नै सबै कुरा हुने हो जस्तो त लाग्दैन मलाई। त्यो भन्दा महत्वपुर्ण अन्य कुरा नै छन् । मैले अघि पनि भने, संघीय ऐन नै छैन। म लगायतका अरु कर्मचारी केन्द्रको लोकसेवा आयोग पास गरेर आएका हौं। हामी प्रदेशमा समायोजन भएर आयौं, तर प्रदेशमा न हाम्रो बढुवाको ठेगान छ। किनकि प्रदेशका त्यस्ता खालका दरबन्दी नै छैनन् । हिजोका दिनमा संघीय सरकारमा हामी बिभाग, मन्त्रालय जहाँ पनि जान्छौं भनेर आएका हौं । यो सम्वोधन हुनका लागि ऐन आइसकेपछि धेरै कुरा हुने हुन्।

प्रदेशमा अहिलेसम्म न मन्त्रालयमा, न महाशाखामा, न निर्देशनालयमा, न अस्पतालमा जनशक्ति पुरयाउन सकिएको छ। बन्नु पर्ने कुराहरु बनेका छैनन् । अहिलेसम्म सिकाईमै गएको छ।

**थप सुधारका काम के भएका छन् ?**

प्रदेशमा स्वास्थ्यको अनुसन्धान गर्नका लागि सुदुरपश्चिममा पनि स्वास्थ्य अनुसन्धान परिषद बनाउन गइरहेका छौं। केन्द्रसँग नै समन्वय गरेर यसको गठन हुनेछ। संक्रमण रोग अस्पताल दिपायलमा संघीय सरकारबाट एउटा बन्दैछ, टीकापुरमा प्रदेश सरकारबाट बन्दैछ । सेतीमा डाइलासिस सेवा बिस्तार गरयौं, महाकाली अस्पताल र टीकापुरमा पनि राख्दैछौं। यसबाहेक सम्भव भएसम्म जिल्ला अस्पतालमा पनि बिस्तारै डाइलोसिस सेवा पुरयाउने योजना रहेको छ।

# चिनियाँ सोलार प्यानलमा अमेरिकी प्रतिबन्धको असर

✍ **समीर रेग्मी**

गत महिना चाइना सिलिकन इन्डस्ट्री एसोसिएसनलाई उद्धृत गर्दै साउथ चाइना मर्निङ पोस्टले एक समाचार प्रकाशित गरेको थियो, जसमा ठूला र प्रमुख चिनियाँ सौर्य प्यानल निर्माताहरू लङ्गी ग्रिन, टीसीएल झोङहुवान र टङ्वीले कच्चा पदार्थको लागतमा भएको कटौतीका कारण उनीहरूको मूल्य झन्डै २७ प्रतिशतको हाराहारीमा कटौती गरेको उल्लेख छ।

यी चिनियाँ कम्पनीहरूले सौर्य प्यानलमा गरेको कटौतीले विश्व र विशेष गरी युरोपलाई नै फाइदा पुगेको छ। पछिल्लो समयमा युरोपले आफ्नो ऊर्जाको क्षेत्रलाई विविधीकरण गर्ने बताएको छ । रूसले युक्रेनमाथि गरेको हमलाको विरोधमा युरोपले रूसी तेल र ग्याँसमाथिको मूल्य सीमा नै तोकेर मात्रै खरिद गर्ने उल्लेख गरिसकेको छ, यो पनि मूल्य घटाएर ।

यस्तो अवस्थामा रूसले पनि घटेको मूल्यमा खनिज तेल र प्राकृतिक ग्याँस युरोपलाई बिक्री गर्ने अवस्था रहन्न। त्यसैले रूस-युक्रेन युद्धको मारमा युरोपको ऊर्जा संकट उत्पन्न भएको छ । त्यो किनभने हाल युरोपमा आपूर्ति हुँदै आएको रूसी खनिज तेल र प्राकृतिक ग्याँसमा अवरोध आएको छ। सौर्य उत्पादनमा चीन विश्वकै बढी उत्पादन गर्ने मुलुक हो । चीनले विश्वमा हुने फोटोभोल्ट्याइक प्यानलको ८० प्रतिशत आपूर्ति गर्दै आएको छ ।

यो जानकारी अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका तर्फबाट आएको हो। आफ्नो १४ औं पञ्चवर्षीय योजना अर्थात् सन् २०२१ देखि २०२५ सम्मको अवधिमा बेइजिङले २०६० सम्ममा आफ्नो कार्बन न्युट्रालिटी लक्ष्यअगावै वायु र सौर्य ऊर्जाबाट कम्तीमा पनि ५ सय ७० गिगावाट नवीकरणीय ऊर्जा थप्ने अपेक्षा गरेको छ। योसँगै उक्त समयसम्ममा चीनले गैरखनिज इन्जन ऊर्जाको स्रोत देशको पूरै ऊर्जा क्षेत्रको ८० प्रतिशतभन्दा माथि पुग्ने अपेक्षा गरिएको छ।

बाध्यकारी श्रम गराएको आरोप लगाउँदै वासिङ्टनले चीनको सिनजियाङ उइगुर स्वशासित क्षेत्रबाट आउने सौर्य ऊर्जा कम्पोनेन्टमा प्रतिबन्ध लगाएकाले विश्वले चीनको सस्तो सौर्य ऊर्जा प्यानलबाट लाभ लिए पनि अमेरिकाले भने लिन नसक्ने देखिन्छ ।

यसैगरी २७ सदस्यीय युरोपेली संघ (ईयू) ले यो लक्ष्य चीनको भन्दा अगावै अर्थात् २०५० लाई निर्धारण गरेको छ । योसँगै ईयूले आफ्नो ऊर्जा पोर्टफोलियोलाई खनिज इन्धनबाट अन्यत्र सार्दै विविधीकरण गर्ने योजना अगाडि सारेको छ । यसमा युक्रेनमा देखिएको द्वन्द्वले त झनै यो योजनालाई गति दिन युरोपलाई दबाब परेको छ । अनुमानका अनुसार ईयूले २०२२ मा मात्रै ४१.४ गिगावटको विशाल सौर्य ऊर्जा थपेको छ ।

यो २०२१ अर्थात् अघिल्लो वर्षको तुलनामा ४७ प्रतिशतभन्दा पनि बढी हो र यो वर्ष अर्को ५३.६ गिगावाट थपिने प्रक्षेपण गरिएको छ। योसँगै युरोपको कुल क्षमता २ सय ६२ गिगावाट पुगेको छ र युरोपले आफ्नो हरित ऊर्जा संक्रमणको अवस्थालाई विस्तार गरेसँगै चीनले घटाएको मूल्यले युरोपको परिवर्तनको ठूलो हिस्सामा लाभ नै मिल्ने देखिन्छ। त्यो पनि किनभने युरोपले आफ्नो खपतको ५० प्रतिशतको हाराहारीमा चीनबाट आयात गर्दै आएको छ ।

एसिया-युरोप क्लिन इनर्जी (सोलार) एडभाइजरीका संस्थापक फ्रान्क हाउगविजलाई उद्धृत गर्दै साउथ चाइना मर्निङ पोस्टले चीनको न्यून अर्थात् घटेको मूल्यले युरोपमा मात्र नभई अर्को महत्त्वपूर्ण बजारहरू दक्षिणपूर्वी एसिया, मध्यपूर्व (मिडल इस्ट) र अफ्रिकाबाट समेत ताजा माग आउने उल्लेख गरेको छ। तर एउटा महत्त्वपूर्ण देशले भने चीनको सौर्य प्यानल निर्यातको नेतृत्वबाट फाइदा लिन सक्दैन । त्यो देश हो, अमेरिका ।

अमेरिकाले चिनियाँ सौर्य प्यानलको उपभोगमा पूर्ण प्रतिबन्ध लगाएको छ । बाध्यकारी श्रम गराएको आरोप लगाउँदै वासिङ्टनले चीनको सिनजियाङ उइगुर स्वशासित क्षेत्रबाट आउने सौर्य ऊर्जा कम्पोनेन्टमा प्रतिबन्ध लगाएकाले विश्वले चीनको सस्तो सौर्य ऊर्जा प्यानलबाट लाभ लिए पनि अमेरिकाले भने लिन नसक्ने देखिन्छ । तर अमेरिकाले अझै पनि सिनजियाङमा आफ्नो मानव अधिकारको अभियानलाई समर्थन गर्ने एक टुक्रा प्रमाण देखाउन बाँकी नै छ ।

उसले यसो गर्न सकेमा मात्रै बहुसंख्यक अन्तर्राष्ट्रिय समुदाय र प्रत्येक प्रमुख मुस्लिम देशलाई चिनियाँ सौर्य प्यानल नकिन्नका लागि दबाब दिन वा आग्रह गर्न सक्छ । यदि उसले चीनको सिनजियाङ प्रान्तमा बाध्यकारी श्रम गर्न लगाएको प्रमाणित गर्न नसकेमा अमेरिकाको स्टेट डिपार्टमेन्टको आफ्नै महान्याधिवक्ताले चीनविरुद लगाइएको हत्याको आरोपमाथि पनि आशंका व्यक्त गर्न सक्छन् । यसको नकारात्मक असर स्वयं अमेरिकालाई नै पर्नेछ ।

अमेरिका स्वयं आफ्नै हरित ऊर्जा विकासमा आफैंले लगाएको अवरोधबाट प्रभावित भइरहेको छ। जस्तै चिनियाँ सौर्य प्यानल र पोलिसिलिकनमा लगाएको प्रतिबन्ध र वासिङ्टन स्वयं नै आफ्नो कार्बन न्युट्रालिटी लक्ष्यमा पुग्न सक्ला भन्ने आशंका उत्पन्न गराएको छ । अमेरिकाले यी प्रतिबन्धको माध्यमबाट सौर्य उद्योगको विश्वव्यापी ठूला र प्रमुख आपूर्ति श्रृंखलामा अवरोध सिर्जना गरेको छ र घरेलु उत्पादनले यो घाटाको क्षतिपूर्ति गर्न सक्ला भनेर व्यापक आशंका व्यक्त गरिएको छ ।

जलवायु परिवर्तन गम्भीर अन्तर्राष्ट्रिय विषय बनिसकेको छ । यसले विश्वका अतिवृष्टि, अनावृष्टि, बाढीपहिरो र अम्लीय वर्षाजस्ता जटिल समस्या ल्याइसकेको छ, जसका लागि विश्व समुदायबाट व्यापक र सामूहिक जिम्मेवारीको माग आवश्यक भइसकेको छ। मानवीय जलवायु परिवर्तनका कारण हाम्रो पृथ्वीमा भएका सबै प्रजाति संकटमा परिसकेका छन् । हामीले बुझेको संगठित मानव जीवन संकटमा परिसकेको छ।

यूएस इनभायरोमेन्टल प्रोटेक्सन एजेन्सी (ईपीए) ले सेप्टेम्बर, २०२१ मा सार्वजनिक गरेको रिपोर्टअनुसार देशको पुरानो हुँदै गएको पूर्वाधारका कारण जलवायु परिवर्तनबाट हुने विशेष खतरायुक्त देशमा अमेरिका नै रहेको छ । यसमा पनि अमेरिकाको अल्पसंख्यक समुदाय विशेष खतरामा रहेका छन्। खनिज इन्धनको पक्षमा गरिँदै आएको वकालतको आकार अवश्य पनि विशाल छ । यो वासिङ्टनमा किङमेकरमध्येको एक हो ।

२०१७-१८ को मध्यकालीन चक्रको एक प्रतिस्पर्धामा यसले नवीकरणीय ऊर्जा लबीलाई १ का विरुद्ध १३ ले हराएको थियो। यो चीनविरुद्धको अभियानका पछाडि निःसन्देह महत्त्वपूर्ण शक्ति थियो । हरित प्रविधिमा विश्वका नेताको हैसियतमा चीनले फोहोर ऊर्जाको आपूर्तिलाई पार गर्नका लागि आफ्नो भूमिका खेल्ने प्रयास अवश्य पनि गरिरहेको छ। जलवायु परिवर्तनले कीर्तिमानी अवस्थाको तातो हावा, घातक आँधी र अन्य डरलाग्दा मौसमी घटनाहरू दोहोऱ्याइरहेकाले जलवायु परिवर्तनको विषय कुनै अमूर्त र टाढाको अवधारणा भएको छैन ।

यसले अमेरिकाभित्र नै लाखौं मानिस खतराको सूचीमा परेका छन्, जसले पूरै ऊर्जा ग्रिडलाई तहननहस पारेको छ र बर्सेनि सयौंको संख्यामा मृत्यु भइरहेको छ। यी विषयहरूलाई आधार मान्दा आफ्ना नागरिकको ऊर्जा पोर्टफोलियोलाई विविधीकरण गरेर नवीकरणीय ऊर्जामा लैजाने र सुरक्षा प्रदान गर्न सकिने खालको पूर्वाधार निर्माण गर्ने दायित्व अमेरिकाको हो, जसले यस किसिमका घटनालाई कम गर्न सक्छ । वासिङ्टनका नीति निर्माताहरूले आफ्ना घटकहरूलाई चीनविरूद्ध प्रतिबन्ध लगाएर बेकामे बनाएका छन् ।

प्रमुख सोलार प्यानलको उत्पादकका रूपमा बेइजिङको भूमिकालाई अस्वीकार गर्न सकिन्न र चीनलाई अमेरिकाको केन्द्रीय भूराजनीतिक विरोधीको रूपमा पहिचान दिनु असान्दर्भिक हुनेछ । यदि अमेरिकाले उपयुक्त रूपमा जवलायु परिवर्तनको विरुद्धमा आफ्नो भूमिका निर्वाह गर्ने हो र आफ्ना नागरिकको भलाइका लागि काम गर्ने र सुरक्षा प्रदान गर्ने हो भने उसले चीनको सौर्य ऊर्जा प्यानल उद्योगमा लगाएको प्रतिबन्ध हटाउनुपर्छ । उसले

# महिला सशक्तिकरणका लागि ‘ह्युम्यानिटि ह्याकाथान’ हुने

**पोष्ट संवाददाता**

काठमाडौं। शिक्वल फाउन्डेसनले एनसेल आजियाटा लिमिटेडसँगको सहकार्यमा देशभरका सूचना प्रविधि क्षेत्रमा अध्यनरत छात्रा तथा यस क्षेत्रमा कार्यरत महिलाहरुलाई लक्षित गर्दै ‘ह्याकिंग फर ह्युम्यानिटी’ थिममा नेपालको सबैभन्दा ठूलो महिला ह्याकाथन कार्यक्रमको आयोजना गर्दैछ। यो ह्याकाथन यही माघ २७ देखि माघ २९ गते आयोजना गरिदै छ।

विविधता, समानता र समावेशीकरण अर्थात डाइभर्सिटी, इक्विटी एन्ड इन्क्लुशन (डीईआई) प्रति आफ्नो प्रतिवद्धता अनुरुप एनसेलले शिक्वल फाउन्डेसनसँग नेपालमा हालसम्मकै ठूलो मानिएको यो ह्याकाथनका लागि सहकार्य गरेको छ। यसको प्रमुख उदेश्य महिलाहरुलाई सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा प्रोत्साहन गर्नु रहेको छ। यस कार्यक्रमको अन्य साझेदारहरुमा गर्ल्स इन टेक र वुमन इन बिग डेटा रहेका छन्।

शिक्वल फाउन्डेसनका अनुसार, छनोटमा परेको सहभागी महिलाका समुहहरुले स्वास्थ्य, शिक्षा, कृषि लगायतका विभिन्न क्षेत्रमा देखिएका समस्याहरुलाई समाधान गर्न विभिन्न सोलुसन्सका प्रोटोटाइपहरु बनाउने छन्। हाल यस कार्यक्रमको तयारी स्वरुप काठमाडौं लगायत देशका विभिन्न ठाउँहरुमा कजेल एक्टिभेसनका कार्यहरु भईरहेका छन्।

यस ह्याकाथनले महिलाहरुलाई सूचना प्रविधि क्षेत्रमा आफ्नो करियर बनाउन र यस क्षेत्रमा रहेका विभिन्न सम्भावनाहरुसँग उनीहरुलाई जोड्न महत्वपुर्ण योगदान पुर्याउने विश्वास एनसेलले लिएको छ। यस कार्यक्रमले सुचना प्रविधिमा रहेका महिला र नन-बाइनरी ह्याकरहरुलाई एकअर्कासँग सहकार्य गर्न र आफ्ना नविन सोचलाई सोलुसन्समा परिवर्तन गर्न एक प्लेटफर्म प्रदान गरेको छ।

यस ह्याकाथनमा भाग लिन इच्छुक सूचना प्रविधि अध्ययन गरिरेहका छात्राहरु तथा यस क्षेत्रमा काम गरिरहेका महिलाहरुले तीन जनाको समुह बनाउन सक्छन् र सजिलै यो कार्यक्रमको रजिस्ट्रेसन कोड स्क्यान गरि एनसेल एपमार्फत आफ्नो समुह दर्ता गर्न सक्छन्। दर्ता भएका समुहहरु मध्येबाट छानिएका समुहरुको लिस्ट माघ २० घोषणा गरिने छ। कार्यक्रम पूर्व तयारी स्वरुप हाल विभिन्न कलेजहरूमा डिजाइन थिंकिङ्, इन्टरप्रेन्युरियल फाइनान्स, बिजनेस मोडल क्यानभास, स्टोरी प्रेजेन्टेशन आइडिया पिचिङ र डेलिभरीमा केन्द्रित हुँदै कार्यक्रमहरुको आयोजना भइरहेका छन्। शिक्वल फाउन्डेसनका अनुसार, यस प्रकारका महिला लक्षित पहलहरूले नेपालमा आईटी-सम्बन्धित उद्योगहरूमा महिलाहरूको प्रतिनिधित्व र डिजिटल अर्थतन्त्रमा महिलाहरूको समान सहभागितालाई बढाउँछ। यसले महिलाहरुको व्यक्तिगत र उनीहरूका परिवारलाई मात्र नभई समाज र अर्थतन्त्रलाई पनि फाइदा पुर्याउन मद्दत गर्दछ।

# डिजि पे र नेपाल टप विच सहकार्य गर्ने सम्झौता

**पोष्ट संवाददाता**

काठमाडौं। डिजी पे प्रा.लि र द नेपाल टप बीच नौलो र बिसेष सहकार्य गर्ने सम्झौता भएको छ। सम्झौता अनुसार डिजी पेमा आबद्द व्यवसायीले सुपथ मूल्यमा राष्ट्रिय दैनिकमा बिज्ञापन र बार्षिक ग्राहक हुनपाउने भएका छन्।

डिजी पे प्रा.लि ले आफ्नो बजार र सेवा विस्तार गर्ने योजना अन्तर्गत बबर महल स्थित नेपालको एक उत्कृष्ट नेपाली राष्ट्रिय दैनिक संस्था द नेपाल टपसँग सहकार्य गर्ने सम्झौता गरेको छ।

यस सहकार्य अन्तर्गत डिजी पे ले ल्याएको व्यावसायिक तथा घर दैलो योजना अन्तर्गत डिजी पे मा आबद्द हुने सम्पूर्ण व्यावसायी तथा घरदैलोका ग्राहकहरुले द नेपाल टप को सौजन्य झन्डै पचास हजार पर्ने ६० सी सीको रंगिन बिज्ञापन १५ हजारमा रु एक हजार पाँच सय पर्ने बार्षिक ग्राहक मात्र एक हजारमै र वर्गीकृत तथा अन्य बिज्ञापनमा ७० प्रतिशत सम्म छुट पाउन सक्नेछन्।

द नेपाल टपका बजार व्यवस्थापक रितेश पोखरेलका अनुसार, बिज्ञापन कुनै पनि व्यवसायीको लागि आफ्नो बजार बिस्तार गर्ने एक महत्वपूर्ण अंग हो। अझै राष्ट्रिय दैनिक पत्रिकामा आफ्नो बिज्ञापन गर्नु धेरै राम्रो तर महँगो मानिन्छ। यस सहकार्य अनुसार डिजी पे संग आबद्ध सम्पूर्ण व्यवसायीको लागि मात्र योजना लागु गरिएको बताए।

व्यवसायीलेसस्तो तथा सुलभ मूल्यमा आफ्नो बिज्ञापन गरी व्यावसायिक तथा सामाजिक लाभ हुने र साथै डिजी पे घरदैलो अभियान मार्फत आफ्नो बिज्ञापन झन्धैरै जनमानस सम्म पुग्न सक्नेछ। यस्तो नौलो र बिसेष सहकार्यमा आबद्द हुन पाउनुमा खुशी व्यक्त गरेका छन्।

उनका अनुसार यस सहकार्यले स्थानीय स्तरमा प्रत्यक्ष बजार बिस्तार तथा व्यावसायिक उपलब्धि हुनसक्ने जनाए। त्यस्तै डिजी पे का अध्यक्ष दिवाकर बहादुर पाण्डेले द नेपाल टप जस्तो एक प्रतिष्ठित नेपाली राष्ट्रिय दैनिक संस्थासँग सहकार्य गरि आफ्ना व्यवसायी, घरदैलोर ग्राहकलाई यस्तो विशेष अफर दिन पाउनु निकै महत्वपूर्ण विषय भएको बताए।

उनका अनुसार डिजी पे अहिले आफ्नै इकोसिस्टम बनाउने योजनामा छ र त्यस अन्तर्गत संचार क्षेत्र बाट राष्ट्रिय दैनिकलाई पनि आबद्ध गर्नु ठुलो उपलब्धि हो। यसै गरि अरु पनि विभिन्न संस्थाहरुसंग पनि सहकार्य गरि आफुसंग सम्बन्धित व्यवसायी तथा ग्राहकलाइ थप अफर तथा सुबिधा दिने योजना रहेको बताए।

सम्झौतापत्रमा द नेपाल टप का बजार व्यवस्थापक रितेश पोखेरेल र डिजी पे का अध्यक्ष दिवाकर बहादुर पाण्डेले हस्ताक्षर गरेका छन्। हस्ताक्षर कार्यक्रममा द नेपाल टप, नेपाली राष्ट्रिय दैनिक र डिजी पे का विभिन्न व्यक्तित्वहरुको पनि उपस्थित थिए।

## खण्ड १: सिलबन्दी दरभाउपत्र आह्वान

## कैलाली बहुमुखी क्याम्पस

धनगढी, कैलाली

### सिलबन्दी दरभाउपत्र आह्वान

प्रथम पटक प्रकासित मिति २०७९/१०/०९

सुचना नं.१/२०७९/८०

कैलाली बहुमुखी क्याम्पस धनगढी, कैलालीको पुस्तकालयको लागि शैक्षिक सत्र ०७९/८० मा ५ लाख बराबरका विभिन्न प्रकाशनका पुस्तकहरू केहि परिमाणमा खरिद गर्न अवश्यक भएकोले मान्यता प्राप्त आपुर्तिकर्ताहरुले स्वदेश तथा विदेश बाट प्रकाशन भएका पुस्तकहरुमा दिन सकिने छुट प्रतिशत उल्लेख गरि दरभाउपत्र यो सुचना प्रकाशन भएको मितिबाट १५ दिन भित्र कार्यालय समयमा १२५००/- जमानत वापत यस क्याम्पसको धरौटी खाता नं. १३७००१००१६२८४७००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्न सुचित गरिन्छ। प्राप्त दरभाउपत्र १६ औ दिनको २:०० बजे यस क्याम्पसमा प्रतिनिधिहरुको रोहबरमा खोलिने छ. प्रस्ताव खोल्ने दिन सार्बजनिक बिदा पर्न गएमा क्याम्पस खुल्ने अर्को दिन दिनको १:०० बजे खोलिने छ। सिलबन्दी दरभाउपत्रदाता वा नीजका प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने, नगर्ने अधिकार कैलाली बहुमुखी क्याम्पसमा सुरक्षित रहने छ. विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क गर्न हुन अनुरोध छ।

कैलाली बहुमुखी क्याम्पसको लेखाशाखाबाट रू १०००/- (फिर्ता नहुने) भुक्तानी गरी प्राप्त गर्न सकिनेछ।

**विस्तृत जानकारीका लागि**

कैलाली बहुमुखी क्याम्पस, धनगढी, कैलाली

फोन नं. ०९१-५२१२२३

## धनगढी उप-महानगरपालिका

धनगढी, कैलाली

### संधियारको नाममा जारी सूचना

यस उप-महानगरपालिकाका वडा १३ मोहनपुरमा अवस्थित कित्ता नं. ५०१ क्षेत्रफल ४०८ व.मि.मा भवन निर्माण गर्ने घरधनी श्री चक्र प्रसाद शर्माले यस न.पा.मा पेश गरेको नक्सा बमोजिमको भवन निर्माण गर्न निवेदन पेश गरेकोमा संधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ। निवेदन साथ पेश हुन आएको प्रमाण र नक्साको आधारमा निर्माण स्वीकृति दिंदा तपाईको जग्गा लगायत सार्वजनिक स्थलको हानि नोक्सानी हुन्छ हुँदैन, सन्धि सर्पन हानि नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सबुत प्रमाण सहित नगरपालिकामा उजुर गर्नु सुचित गरिन्छ। म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ।

**१. निर्माणको निमित्त प्रस्तावित जग्गाको चारकिल्लाको विवरण**

| दिशा | आफ्नो जग्गा लम्बाई (फिट/मिटर) | छाडेको आफ्नो जग्गा (फिट/मिटर) | संधियार | | |
|---|---|---|---|---|---|
| | | | कि.नं. | लेन्डस्केपको प्रकार | नाम |
| पूर्व | | | | | राजकुलो |
| पश्चिम | | | | | सडक |
| उत्तर | | | | | विर बहादुर भाट |
| दक्षिण | | | | | कृष्णा बहादुर पाण्डेय |

घरको नाप: लम्बाई ३३’५” चौडाई ३१’०” उचाई : २०’१०” तल्ला संख्या: २

**२. साईट प्लानको नक्सा**

# समानुपातिक उम्मेदवार....

बुझाएको छ। समानुपातिकतर्फ आयोगको बन्द सूचीमा नेपालीका कांग्रेसका २० जना उम्मेदवार रहेका थिए।

३० लाख रुपैयाँ खर्च सीमा तोकिएको सो पार्टीका समानुपातिक सदस्यले निर्वाचनमा २२ लाख १२ हजार १२ रुपैयाँ खर्च भएको विवरण पेस गरेको छ। यस्तै, नेकपा एकीकृत समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टीले आयोगलाई १९/१९ जना उम्मेदवारको बन्दसूची पेस गरेका थिए।

२८ लाख ४० हजार रकम खर्च सीमा कायम गरेकोमा नेकपा एसका प्रदेश सभा सदस्यका उम्मेदवारले २७ लाख ६५ हजार ७ सय ५० र नागरिक उन्मुक्ति पार्टीका उम्मेदवारले ५ लाख ८ हजार ८ सय ७५ रुपैयाँ खर्च गरेको विवरणमा उल्लेख छ।

# भुकम्पका कारण...

बताएका छन।

हिमाली गाउँपालिकामै केन्द्रबिन्दु बनाएर गएको भुकम्पका कारण त्रासले अहिले सम्म त्यहाका नागरिक घरभित्र गइनसकेको स्थानियले बताएका छन। मंगलबार दिउसो बिच्छ्यालाई केन्द्र बिन्दु बनाएर ५ दशमलव ९ म्याग्नेच्युडको भूकम्प गएको थियो।

भुकम्प प्रभाबित क्षेत्रमा नेपाली सेना नेपाल प्रहरी ससस्त्र प्रहरी लगायतको सयुक्त टोली पठाइसकीएको जिल्ला प्रशासन कार्यालय बाजुराले जनाएको छ।

# खोपीका महामन्त्री....

सिनजियाङमा उइगुर मुसलमानलाई जबरन काममा लगाएको र उनीहरूको मानव अधिकारको उल्लंघन गरेको आरोप लगाएको छ।

यसैलाई आधार मान्दै सिनजियाङमा उत्पादन हुने सोलार प्यानलको खरिदमा प्रतिबन्ध लगाएको हो। उसले विश्व समुदायलाई प्रमाणित पनि गर्न सकेको छैन र यो प्रमाणित नहुँदासम्म विश्व समुदायले उसको आग्रहलाई मान्ने सम्भावना पनि त्यति छैन। त्यसैले आफ्नो देशको हरित र नवीकरणीय ऊर्जाको प्रवर्द्धन तथा जलवायु परिवर्तनको असरबाट आफ्ना जनतालाई सुरक्षा प्रदान गर्न पनि सिनजियाङबाट आउने सोलार प्यानलमाथिको प्रतिबन्ध हटाउनु आवश्यक छ।

## हकदावी सम्वन्धी सूचना

उपरोक्त सम्बन्धमा यस पञ्चशक्ति पोल्ट्रीको नाम परिवर्तन गरेर खप्तड साईपाल मल्टी एग्रो प्रालि राखिएको हुंदा उक्त नामप्रति कसैको हकदावी वा दावी बिरोध भएमा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र धनगढी उपमहानगरपालिका कार्यालय वा खप्तड साईपाल मल्टी एग्रो प्रालिको कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ।

सञ्चालक

**बसन्त पञ्चमी (सरस्वती पुजा)को हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं।**

नि:शुल्क भर्ना खुल्यो ! नि:शुल्क भर्ना खुल्यो ! नि:शुल्क भर्ना खुल्यो !

**यस लिटिल एन्जल्स मन्टेश्वरी विद्यालय धनगढी -८, सेतोपुल नजीकै बसन्त पञ्चमी (सरस्वती पुजा)को पावन अवसरमा नि:शुल्क भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं। सिट सिमीत भएकोले समयमै सम्पर्क राख्न अनुरोध छ।**

**हाम्रा विशेषताहरू**

- नि:शुल्क भर्ना।
- मन्टेश्वरी पद्धतिबाट पढाई हुने।
- शान्त र सुरक्षित निजि भवन।
- स्कुल भ्यानको व्यवस्था।
- सि.सि. टि.भि. जडान गरिएको।
- तालिम प्राप्त, योग्य र मिलनसार स्कूल स्टाफहरु।
- शुद्ध तातो-चिसो खाने पानीको व्यवस्था।
- अतिरिक्त क्रियाकलाप (नाच, गान, क्रीकेट, फुटबल, हाजिरी जवाफ प्रतियोगिता र विजयीलाई आकर्षक पुरस्कार।
- अडियो भिजुअल क्लास।
- दैनिक दुई पटक शुद्ध सफा पौष्टिक खानाको व्यवस्था।

**Dr. Bhaskar Upadhyay** is a chief director of Little Angles Montessori (Professor of STEM & International Development Education, College of Education & Human Development, University of Minnesota, Minneapolis, USA.



**लिटिल एन्जल्स मन्टेश्वरी**

धनगढी-८, सेतोपुल

Little Angels Montessori Estd 2078

Quest For Excellence

सम्पर्क : ०९१-५२६४२९, ९८४७५११७७६, ९८२५६०९६९७

## धनगढी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश

### सूचना ! सूचना !! सूचना !!!

प्रथम पटक सूचना प्रकाशि मिति : २०७९/१०/१० गते

यस धनगढी उप-महानगरपालिकाको नवौं नगरसभाको निर्णय नं. ९ अनुसार यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र निर्माण भएका तर नक्सा पास छुट भएका पुराना भवन, टहरा, गोदामघर आदि मापदण्ड अनुसार सडक मापदण्ड, खोलानालाको मापदण्ड, सेटव्याक आदि पुरा भएमा धनगढी उप-महानगरपालिकाको भवन नियमित तथा अभिलेखीकरण कार्यविधि, २०७७ मा उल्लेख भएका शर्त पूरा भएमा नक्सा नियमित तथा अभिलेखीकरण हुने भएकोले अन्तिम समय २०८० अषाढ मसान्त सम्म त्यस्ता घरधनीहरुका लागि आवेदन पेश गर्न हुन अन्तिम पटक यो सूचना प्रकाशित गरिएकोछ।

दिजराज भट्ट
डिभिजनल इन्जिनियर
**धनगढी उपमहानगरपालिका**
धनगढी, कैलाली

# २०७९ यस्तो छ तपाईको राशिफल — माघ १०

**(मेष)** चु,चे, चो, ला, लि, लु, ले,
कामभा समय दिन नसकिएला। अर्थ अभावले योजना रोकिन सक्छ। ईर्ष्यालु मन भएकाहरूले सताउलान्।

**(बृष)** इ, उ, ए, ओ, वा, वि, वु, वे, वो
रचनात्मक कार्यमा जुट्दा प्रशस्तै फाइदा हुने समय छ। मध्याहनपछि अधिकारका लागि केही संघर्ष हुन सक्छ।

**(मिथुन)** का, कि, कु, घ, ङ, छ, के, को, ह
आलस्य गर्ने बानीले पछि परिनेछ। प्रतिस्पर्धीहरूले अप्ठ्यारोमा पार्ने प्रयास गर्नेछन्। योजनाहरू गोप्य राख्नुहोला।

**(कर्कट)** हि, हु, हे, हो, डा, डि, डु, डे, डो
हिम्मत गर्दा परिस्थितिलाई बदल्न सकिनेछ। मध्याह्नदेखि थोरै लाभ भए पनि ठूलो आवश्यकता पूरा हुनेछ।

**(सिंह)** मा, मि, मु, मे, मो, टा, टि, टु, टे
आज स्वास्थ्य पनि कमजोर बन्न सक्छ। पहिलेका कामबाट सोचेको नतिजा प्राप्त नहुन सक्छ। धैर्यता राख्नु बेस होला।

**(कन्या)** टो, प, पी, पू, ष, ण, ठ, पे, पो
बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्ति होला। अध्ययनमा प्रगति हुनेछ।

**(तुला)** रा, री, रु, रे, रो, ता, ती, तु, ते
पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ। दिगो योजनाका साथ अघि बढ्दा लाभ मिल्ने समय रहको छ।

**(वृश्चिक)** तो, ना, नि, नू, ने, नो, या, यि, यू
साथीभाइसँग सन्तुलित व्यवहार गर्नुहोला। प्रतीक्षित नतिजा कमजोर देखिए पनि दोहोर्याएर प्रयत्न गर्दा काम बन्न सक्छ।

**(धनु)** य, यो, भा, भी, भू, ध, फा, ढ, भे
मध्याह्नदेखि रमाइलो जमघटमा सहभागी भइनेछ। रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ। प्रियजनसँग भेटघाट हुनेछ।

**(मकर)** भो,जा,जी,,जू,जे,जो,ख,खि,खु,खे,खो,गा,गी
अतिथिका रूपमा सम्मान प्राप्त होला। लोकाचार तथा उपहारमा अनियन्त्रित खर्च बढ्नाले मन पिरोल्न सक्छ।

**(कुम्भ)** गु, गे, गो, सा, सी, सु, से, सो, द
शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ। कृषि, पशुधन र अचल सम्पत्तिको उपयोग हुन सक्छ।

**(मीन)** दी, दू, थ, झ, ञ, दे, दो, च, ची
कर्मको उचित प्रतिफल पाइनेछ। ताढिएका आफन्तहरू नजिकिन सक्छन्। सहयोगीहरूले राम्रो साथ दिनेछन्।

**खुशीको खबर ! खुशीको खबर !!**

*“सीप सिकौं आत्मनिर्भर बनौं।”*

हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक कपडाहरु सिलाई गरिन्छ।

४ जनाको समूह बनाइ आएमा १ जनाको फी छुट गरिनेछ।

साथै कपडा पनि उपलब्ध छ।

**वबी बुटिक**

एल.एन.चौक, धनगढी

**मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९**

# सामुदायिक विद्यालयलाई प्राथमिकतामा राख्न आग्रह

**पोष्ट संवाददाता**

धनगढी । सामुदायिक विद्यालयलाई स्थानीय तहले प्राथमिकता नदिएको भन्दै धनगढी-१७ का ४ वटा सामुदायिक विद्यालयले वडा कार्यालयको ध्यानाकर्षण गरेका छन् ।

वडामा शिक्षकको दरवन्दी नहुँदा समस्या भएको, निजी शिक्षकलाई सामुदायिक शिक्षकका रुपमा नियुक्त गर्न आनाकानी गरेको भन्दै सामुदायिक विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन सकितिका अध्यक्षहरुले शिक्षा क्षेत्रलाई प्राथमिकता दिन माग गरेका हुन् ।

वडामा रहेका चार वटै सामुदायिक विद्यालयहरुले वडामा विनियोजन हुने रकमको २० प्रतिशत बजेट शिक्षामा छुट्याउनुपर्ने माग समेत गरेका छन् । सोमबार विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकहरुले संयुक्त रुपमा वडाकार्यालयमा ज्ञापनपत्र बुझाउँदै यस्तो माग गरेका हुन् ।

विद्यालय सञ्चालनमा समस्या भएको भन्दै उनीहरुले वडा शिक्षा समितिलाई क्रियाशिल बनाई वडा शिक्षा कार्यविधि तयार गर्नुपर्ने, वडाबाट निकासी हुने नदीजन्य पदार्थको कुल रकमको २५ प्रतिशत विद्यालय विकासमा खर्च गर्नुपर्ने, विद्यालयमा एक कक्षा एक शिक्षकको दरबन्दी सिर्जना गरि नीजि स्रोतमा कार्यरत शिक्षकलाई नगर शिक्षकका रुपमा व्यवस्थापन गरिनुपर्ने लगायतका मागहरु अगाडि सारेका छन् ।

धुर्झान्नामा रहेको न्यू कालिका आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुष्पराज रानाको नेतृत्वमा वडालाई ज्ञापनपत्र बुझाएको हो । यस्तै, गरी सामुदायिक विद्यालयका बाल कक्षाहरुलाई मन्टेश्वरी माध्यामबाट पढाउने वातावरण सृर्जना गरि बाल विकास शिक्षकलाई तालिमको व्यवस्था गर्नुपर्ने र तालिम लिएका शिक्षकहरुलाई शैक्षिक गुणस्तर वृद्धिका निमित्त पुर्न ताजगी तालिमो व्यवस्था मिलाईनुपर्ने लगायतका माग रहेका छन् ।

शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयका अध्यक्ष, प्रधानाध्यापक र शिक्षकको सक्रियताले मात्र सम्भव नभएको हुँदा स्थानीय सरकारले पनि पहल गर्नुपर्ने शिक्षकहरुको भनाई रहेको छ ।

शिक्षकहरुको समस्याहरु सम्बोधन गर्न नसक्दा गुणस्तर शिक्षा दिन नसकिन्ने न्यू कालिका आधारभूत विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष पुष्पराज रानाले बताए । उनले आफ्नो मागहरु पुरा नभए आगामि दिनमा पनि संघर्षका कार्यक्रमहरु जारी रहने बताए ।

ज्ञापनपत्र बुझ्दै वडा अध्यक्ष माधव रानाले वडामा रहेका ४ वटै विद्यालयको अवस्था दैनिय रहेको बताए । विद्यालयमा दरबन्दी नहुँदा निजी शिक्षकबाट शिक्षा दिनुपर्ने बाध्यता रहेको उनले सुनाए । शिक्षा क्षेत्रको सुधारका लागि वडाले आफ्नो तर्फबाट पहले गर्ने उनको भनाई रहेको छ । वडा कार्यालयबाट विनियोजन हुने बजेटलाई आवश्यकताका आधारमा छुट्याउने उनले प्रतिबद्धता गरे ।

# सुदूरपश्चिम विश्वविद्यालयको गेटमा अनशन

**पोष्ट संवाददाता**

धनगढी । सुदूरपश्चिम विश्वविद्यालयको मूल गेटमा टेन्ट लगाएर राष्ट्रिय प्रजातान्त्रिक पार्टी निकट विद्यार्थी सङ्गठनले अनशन सुरु गरेको छ । सुदूरपश्चिम विश्वविद्यालयमा दोहोरो शिक्षणविरुद्ध मंगलबारदेखि आन्दोलन सुरु गरेको राप्रपा निकट विद्यार्थी सङ्गठनले जनाएको छ ।

राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी सङ्गठन कञ्चनपुरका अध्यक्ष मनिसबहादुर पालले विश्वविद्यालयमा दोहोरो शिक्षणले गुणस्तर खस्किँदै गएपछि त्यसलाई हटाउने लगायतका माग राख्दै बाध्य भएर आन्दोलनमा उत्रिएको बताए ।

सरकारकी कोषबाट तलब भत्ता लिने प्राध्यापकलाई निजीमा लगानीदेखि काम गर्न दिने प्रवृत्तिले विश्वविद्यालय धराशायी बन्दै गएको विद्यार्थीहरुको आरोप छ ।

योसँगै प्राध्यापक तथा कर्मचारीको भर्ना गर्नुपर्ने, आङ्गिक क्याम्पसमा समेत प्राध्यापक कर्मचारी दरबन्दी पदपूर्तिसहित विविध समस्या समाधान गर्नुपर्ने लगायतका माग राखिएको र माग पूरा नहुँदासम्म आन्दोलन जारी राख्ने उनीहरूले चेतावनी दिएका छन् ।

# वडा सदस्यको निधन

**पोष्ट संवाददाता**

बैतडी । बैतडीमा निर्वाचित वडा सदस्यको निधन भएको छ । गएको स्थानीयतहको निर्वाचनमा जिल्लाको सुर्नया गाउँपालिका वडा नं ४ बाट निर्वाचित वडा सदस्य विर सिंह साउदको मंगलबार ६० वर्षको उमेर निधन भएको हो ।

चार महिनादेखि बिरामी रहेका साउदको मंगलबार निधन भएको स्थानीय प्रकाश साउदले जानकारी दिए । मंगलबार साझ साढे ५ बजेको समयमा आफनै निवास सुर्नया ४ पालिगडामा उनको निधन भएको साउदले बताए । उनि गएको स्थनीयतहको निर्वाचनमा नेपाली काँग्रेसबाट वडा सदस्यमा निर्वाचित भएका थिए ।

# समानुपातिक उम्मेदवारको खर्च विवरण सार्वजनिक

**पोष्ट संवाददाता**

धनगढी । प्रदेश सभा निर्वाचन २०७९ अन्तर्गत सुदूरपश्चिम प्रदेश सभा सदस्यका लागि समानुपातिक तर्फका उम्मेदवारले गरेको खर्च विवरण सार्वजनिक भएको छ । मंसिर ४ गते सम्पन्न प्रदेश सभा निर्वाचनका क्रममा समानुपातिकबाट निर्वाचित प्रदेश सभा सदस्यहरुको निर्वाचन आयोगमा बुझाइएको खर्च विवरण सार्वजनिक भएको हो ।

निर्वाचन आयोगले समानुपातिकतर्फ तोकेको खर्च सीमाभित्रै सबै दलका समानुपातिक सदस्यको खर्च विवरणमा उल्लेख छ । यस प्रदेशमा ३४ दलहरुबाट समानुपातिक उम्मेदवार रहेका थिए । प्रदेशमा नेकपा माओवादी केन्द्र, नेकपा एमाले, नेपाली कांग्रेस बीपी, मौलिक जर ोकिलो पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल समानुपातिकतर्फ बन्द सूचिका २१/२१ जना उम्मेदवार संख्या थिए । यी उम्मेदवारले ३१ लाख ५० हजार रुपैयाँ निर्वाचनमा खर्च गर्न पाउने सीमा तोकिएको थियो ।

यसमध्ये नेकपा माओवादी केन्द्रका उम्मेदवारले २० लाख ९९ हजार २ सय ५६, नेकपा एमालेका उम्मेदवारले २४ लाख ६९ हजार ८ सय ५४, नेपाली कांग्रेस बीपीका उम्मेदवारले ४ लाख ३४ हजार, र ाष्ट्रिय प्रजातन्त्र पार्टीका उममेदवारले २० लाख २० हजार, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका उम्मेदवारले १ लाख २० हजार रुपैयाँ खर्च गरेको विवरण (**बाँकी ३पेजमा**)

## Re -Invitation for the Bids

**Manav Sansadhan Vikas Pratisthan**

**Laxmi Narayan Tuberculosis Treatment, Referral and Research Centre**

Godawari-06, Shreepur, Kailali

## RE-INVITATION FOR THE BIDS

Date of Re-Publication: 24rd of January, 2023 (2079/10/10 B.S.)

1. **Laxmi Narayan Tuberculosis Treatment, Referral and Research Centre** re-invites bids from eligible bidders for the works mentioned below under National Competitive Bidding.

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost Excluding VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | NCB/Works/ LNTT-01/2079-80 | ***Construction ofAdmin Block of Laxmi Narayan Tuberculosis Treatment, Referral& Research Center, Godawari, Kailali.*** | Rs. **3,142,762.50** | **90,000/-** | **3,000/-** | The hard copy of the bid document shall be purchased not late than 25th of Magh 2079, within office hours and submitted within 12 pm of 26th of Magh, 2079. |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Laxmi Narayan Tuberculosis Treatment, Referral and Research Centre, Godawari-06, Shreepur, Kailali, Phone no. +977-9749800003.

**Administrative Department**
**Manav Sansadhan Vikas Pratisthan**
**Laxmi Narayan Tuberculosis Treatment, Referral and Research Centre**
Godawari-06, Shreepur, Kailali

निसर्ग हस्पिटल
एण्ड रिसर्च सेन्टर प्रा.लि.
सुदूरपश्चिम प्रदेशको पहिलो अत्याधुनिक सुविधा सम्पन्न हस्पिटल

उपलब्ध विशेषज्ञ सेवाहरू...

**नवजात शिशु तथा बालरोग सेवा**
नवजात शिशु तथा बालरोग विशेषज्ञ डाक्टर द्वारा बच्चाको ज्वरो, रूघाखोकी, विभिन्न संक्रमण, सम्बन्धि संक्रमण, बच्चामा रक्तचाप, एलर्जी, श्वासप्रस्वास समस्या, सुगर, थाईराईड, जण्डीस, एनिमिया, मोटोपना, दुब्लोपना, मिर्गी वा मुर्छापर्ने समस्या, बच्चाको शारिरिक वृद्धि, विकास, आहार एंव पोषण लगायत विभिन्न खोपहरू सम्बन्धि उपचार तथा परामर्श सेवा ।

**हाडजोर्नी तथा नसा रोग सेवा**
हाडजोर्नी, नसा तथा बाथरोग विशेषज्ञ डाक्टरद्वारा अत्याधुनिक कम्प्यूटर प्रविधिबाट भाँचिएका, मर्केका, जन्मजात बांगाटिगा भएका हड्डीहरूको उपचार तथा अप्रेशन लगायत हाडजोर्नीको संक्रमण, बाथरोग, यूरिक एसिड, जोर्नी, घुंडा, कांध, कमर, गर्दन दुखाई, हातखुट्टा/जिउ झमझम गर्नेको उपचार साथै शरीरमा राखिएका रड, प्लेट, पिन आदि अप्रेशनबाट झिक्ने सेवा ।

**जनरल मेडिसिन (फिजिसियन) सेवा**
फिजिसियन (जनरल मेडिसिन) डाक्टर द्वारा मुटुरोग, ब्लड प्रेशर, सुगर, पेट, ग्यास्ट्रीक, अल्सर, छाती, दम, कलेजो, कोलेस्ट्रोल, टाईफाईड, थाईराईड, हर्मोन, डेंगु, स्क्रबटाईफस, सिकलसेल एनिमिया आदिको विशेषज्ञ उपचार सेवा ।

**जनरल तथा दुरबिन बाट अप्रेशन सेवा**
जनरल तथा ल्याप्रोस्कोपीक सर्जन डाक्टर द्वारा दुरवीन प्रविधिबाट पित्तथैलीको पत्थरी,एपेन्डिक्स, हर्निया, हाईड्रोसिल, पाईल्स, फिस्टुला, आन्द्रा बेरिएको/फुटेको, स्तन तथा शरीरका गाँठा-गुठी आदिको उपचार तथा अप्रेशन सेवा ।

**स्त्री तथा प्रसुती रोग सेवा**
स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर द्वारा तल्लो पेट दुख्ने, महिनावारी गडबडी, सेतो पानी बग्ने, स्तनको समस्या, बाँझोपन, पाठेघरमा मासु पलाएको, पाठेघरको ट्यूमर, डेलिभरी लगायत आदिको सम्पूर्ण उपचार तथा अप्रेशन सेवा ।

**भिडियो एक्स-रे सेवा**
भिडियो एक्स-रे विशेषज्ञ (रेडियोलोजिष्ट) डाक्टर द्वारा पेट, घांटी, स्तन, पाठेघर, अण्डकोष, टाउको आदीको भिडियो एक्स-रे साथै एक्स-रे, सि.टि. स्क्यानको रिपोर्टीङ्ग सेवा ।

**मानसिक तथा नशा रोग सेवा**
मानसिक रोग विशेषज्ञ डाक्टर द्वारा सोचाई र बिचारमा गडबडी हुनु, मनमा कुरा खेलीरहनु, विनाकारण डर लाग्नु, झर्को लाग्ने, निराश हुने, शंका लाग्ने वा नकारात्मक सोच आउने,आत्महत्याको सोच आउने,मुटु ढुकढुक हुने,टाउको दुख्ने,चिट चिट पसिना आउने,यौन चाहनामा कमी आउने,बेहोस हुने आदी समस्याको उपचार सेवा ।

**मुख, अनुहार तथा बङ्गारा रोग सेवा**
मुख, अनुहार तथा बङ्गारा विशेषज्ञ डाक्टर द्वारा मुख भित्र घाउ खटिराहरू भएको र सुन्निएको,मुख कम खुल्ने,नखुल्ने,खोक्दा आवाज आउने,चपाउदा दुख्ने,अनुहार सुन्निएको,अनुहारमा घाउहरू भएको, अनुहारको प्लास्टिक सर्जरी,बङ्गाराको प्याएक्चर, चोटपटक, सुन्निएको सम्बन्धि उपचार तथा अप्रेसन सेवा ।

**नाक, कान, घाँटी रोग सेवा**
नाक, कान, घाँटी रोग विशेषज्ञ तथा हेड एण्ड नेक सर्जन डाक्टर द्वारा पिनास, नाकमा मासु पलाएको, घाटीको टङसिल,कान कम सुन्ने,कान नसुन्ने, कानबाट पिप बग्ने समस्याको उपचार तथा अप्रेशन सेवा ।

**छाला, यौन रोग तथा सौन्दर्य सेवा**
छाला, चर्म, यौन तथा सौन्दर्य विशेषज्ञ डाक्टर द्वारा सरीर चिलाउने,पुरानो दाद,कपाल खस्ने,तालु खुइलिने,कुष्ठरोग तथा नशा झमभझमाउने, यौनरोगको, उपचार तथा परामर्श सेवा ।

**मृगौला तथा मुत्र रोग सेवा**
मृगौला रोग विशेषज्ञ (नेफ्रोलोजिष्ट) /वरिष्ठमुत्ररोग विशेषज्ञतथा मृगौला शल्य चिकित्सक (युरोलोजिष्ट) डाक्टर द्वारा मृगौला (किड्नी), पिसाबनली, पिसाब थैलीको पत्थरी तथाप्रोष्टेट ग्रन्थी सम्बन्धि सानो प्वालपारी दुरवीन प्रविधि (Mini PCNL) तथा ना चिरफाड (Endoscopic) विशेषज्ञ उपचार तथा अप्रेशन सेवा ।

**न्युरो तथा मस्तिस्क रोग सेवा**
न्युरो फिजिसियन तथा न्युरो सर्जन विशेषज्ञ डाक्टर द्वारा टाउको दुख्ने, गर्दन दुख्ने, ढाड दुख्ने, मुर्छा पर्ने, मिर्गी आउने, माइग्रेन, हात, खुट्टा, जिउ दुखाई हुने एवं झमझम गर्ने, हात, खुट्टा, गर्दन, ढाड, शरीरको नशा च्यापिएको, दिमाग वा मेरूदण्डको सम्पुर्ण समस्या तथा न्यूरो सम्बन्धी सम्पुर्ण समस्या ।



सघन उपचार (ICU) सेवा | नवजात शिशु (NICU) सेवा | बाल सघन (PICU) सेवा | कृतिम स्वास प्रस्वास (Ventilator) | २४ सै घण्टा अप्रेशन सेवा | साधारण तथा वातानुकुलित क्याबिन




कुनैपनि रोगको सफल उपचार तथा परामर्शको लागि सम्पर्क गनुहोला
हसनपुर, धनगढी-५, कैलाली, नेपाल
nisargahospitalnepal@gmail.com /nisargahospitalnepal
२४सै घण्टा आकस्मिक सेवा
HELLO 091-526681
EMERGENCY 9865680100
SUPPORT CALL 9804600745

**धनगढी पोष्ट दैनिकका लागि** कर्ण शाहद्वारा **सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,**
**Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipostnews.com, मुद्रकः** समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी, **कार्यकारी सम्पादक :** हिमाल जोशी